कर्णाली प्रदेशको पहिलो दैनिक
# कांक्रेविहार
राष्ट्रिय दैनिक
www.kankrebihar.com




वर्ष : २६ | अंक : २३ | शनिवार, २४ असोज, २०८३ | Saturday, 10 Oct 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रु. १०

### सुरुङ छिचोल्न हतारिएको भेरी–बबई
# बाँध र विद्युतगृहमा सुस्त, प्राविधिक जनशक्ति अभाव

चाँदनी कठायत
सुर्खेत, २३ असोज

तोकिएको समयभन्दा करिब ११ महिना अगाडी नै १२ दशमलव २० किलोमिटर लामो सुरुङ छिचोलेर चर्चा कमाएको आयोजना होः राष्ट्रिय गौरवको भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना। अहिले भने उक्त आयोजना बाँध, विद्युतगृह र अन्य संरचना निर्माणमै अल्झिएको छ। २०७६ वैशाख ३ मा सुरुङको 'ब्रेक थ्रु' भएको सात वर्षभन्दा बढी भइसक्दा पटक पटक म्याद थप हुँदै आयोजनाको समग्र भौतिक प्रगति ७० प्रतिशतमा मात्र पुगेको छ।

सुरुङ निर्माणका लागि चाइना ओभरसिज इन्जिनियरिङ ग्रुप लिमिटेड (कोभेक) सँग २०७६ चैत १५ सम्म काम सम्पन्न गर्ने गरी सम्झौता भयो। कम्पनीले २०७४ कात्तिक २० देखि टीबीएम प्रयोग गरेर सुरुङ खन्यो। २०७६ वैशाख ३ मा सुरुङ छिचोल्दा सम्झौताको अन्तिम मितिभन्दा करिब ११ महिना १२ दिन अगावै काम सकिएको थियो। नेपालमा पहिलोपटक टनेल बोरिङ मेसिन (टीबीएम) प्रयोग गरी सुरुङ निर्माण भएकाले यसको कामले त्यतिबेला राष्ट्रियस्तरमै चर्चा पाएको थियो।

तर सुरुङपछि निर्माण गर्नुपर्ने मुख्य संरचनामा भने त्यही गति कायम रहन सकेन। भेरी-बबई आयोजनाको पाँचवटा मुख्य प्याकेजमध्ये पहिलो प्याकेजअन्तर्गतको सुरुङ निर्माण सकिएको छ। दोस्रो प्याकेजअन्तर्गत बाँध, सर्ज साफ्ट, पेनस्टक र पावरहाउसका सिभिल



संरचना निर्माण भइरहेका छन्। तेस्रो प्याकेजमा हाइड्रोमेकानिकल र चौथोमा इलेक्ट्रोमेकानिकल उपकरण जडानको काम छ। पाँचौँ प्याकेजमा उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न प्रसारण लाइन निर्माण गर्नुपर्नेछ।

गत आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म आयोजनाको समग्र भौतिक प्रगति ७० प्रतिशत र वित्तीय प्रगति ६८ प्रतिशत छ। अद्यावधिक गुरुयोजनाअनुसार आयोजनाको कुल लागत ३३ अर्ब १९ करोड ६६ लाख रुपैयाँ पुगेको छ। गत आर्थिक वर्षसम्म १९ अर्ब ४४ करोड रुपैयाँ खर्च भइसकेको छ। आयोजनाका सूचना अधिकारी तथा वरिष्ठ डिभिजनल इन्जिनियर हरिबहादुर थापाका अनुसार संशोधित कार्यतालिकाअनुसार आर्थिक वर्ष २०८७/८८ सम्म आयोजना पूरा गर्ने लक्ष्य छ।

**दोस्रो प्याकेजको प्रगति ४८ प्रतिशत**

आयोजनाको सबैभन्दा महत्वपूर्ण बाँध तथा विद्युतगृहसँग सम्बन्धित दोस्रो प्याकेजको प्रगति भने ४८ प्रतिशत मात्र छ। २०७६ साउन १३ मा ग्वाडङ युआन्तियान/रमन जेभीसँग ६ अर्ब ८८ करोड ८९ लाख रुपैयाँमा सम्झौता भएको थियो। सम्झौताअनुसार २०८० साउनभित्र सम्पन्न हुनुपर्ने यो प्याकेजको काम अझै आधाभन्दा कम छ।

यस प्याकेजमा बाँकी पृष्ठ ४

## आधा प्राविधिक जनशक्ति नै छैन

आयोजनाको अहिलेको अर्को समस्या प्राविधिक जनशक्तिको अभाव हो। स्वीकृत ३४ कर्मचारी दरबन्दीमध्ये आयोजना निर्देशकसहित २२ जना मात्र कार्यरत छन्। स्वीकृत २२ प्राविधिक दरबन्दीमध्ये ११ पद रिक्त छन्। यसले आयोजना कार्यालयमै आवश्यक प्राविधिक जनशक्तिको आधा हिस्सा पदपूर्ति नभएको अवस्था देखाउँछ।

सूचना अधिकारी थापाका अनुसार कार्यरत केही इन्जिनियरसमेत सरुवा हुने क्रममा रहेकाले प्राविधिक जनशक्ति अझ घट्न सक्ने अवस्था छ। उनका अनुसार सिभिल इरिगेसन, हाइड्रोपावर, हाइड्रोजियोलोजी र इलेक्ट्रिकलतर्फका विभिन्न प्राविधिक पद रिक्त छन्। प्रशासनतर्फ लेखा उपसचिवको पदसमेत पूर्ति हुन सकेको छैन। थापाले आयोजना निर्माणमा यसअघि निर्माण व्यवसायीसँगै विभिन्न प्राविधिक कारणले ढिलाइ भएको बताए। अहिले भने संशोधित कार्यतालिकाअनुसार बाँकी काम अघि बढाउने तयारी रहेको उनको भनाइ छ।

'यसअघि निर्माण व्यवसायीसँगै विविध प्राविधिक कारणले आयोजना निर्माणमा केही विलम्ब भएको देखिन्छ,' थापाले भने, 'अब दुई/तीन वर्षभित्र सम्पन्न गर्नुपर्ने कार्यतालिका अनुसार कामको गति अघि बढ्छ। निर्माण व्यवसायीले सर्तसहित तोकिएको मितिमै सम्पन्न गर्ने प्रतिबद्धताका साथ आएकाले पनि आयोजनाले गति लिन्छ भन्ने अपेक्षा छ।'

## विभिन्न कारणले ढिलाइ

आयोजना ढिलो हुनुको कारण अहिलेको प्राविधिक जनशक्ति अभाव मात्र होइन। निर्माण सुरु हुनै ढिलाइ भएको, सुरुङपछि मात्र बाँध निर्माण अघि बढाइएको, कोरोना महामारीका कारण काम प्रभावित भएको तथा इरानी परामर्शदाता कम्पनीसँगको सम्झौता रद्द गर्नुपरेका कारण पनि आयोजना पछाडि धकेलिएको आयोजना कार्यालयले बताउँदै आएको छ।

आयोजनाको निर्माण प्रक्रिया २०७० सालमै सुरु हुनुपर्ने भए पनि ठेक्का प्रक्रियामा विवाद भएपछि ढिलाइ भएको थियो। कोभेकलाई सुरुङ निर्माणको जिम्मा दिने विषयमा अनुभवसम्बन्धी प्रश्न उठेपछि बोलपत्र प्रक्रिया पटक-पटक प्रभावित भएको थियो। अन्ततः २०७२ सालमा सम्झौता भएपछि पनि सुरुङ खन्ने काम तत्काल सुरु हुन सकेन।

कोरोना महामारी र लकडाउनले बाँधलगायतका काम प्रभावित गरेपछि तत्कालीन आयोजना प्रमुख बमले आयोजनाको काम करिब दुई वर्ष पछाडि धकेलिएको बताएका थिए। ग्वाडङ युआन्तियान/रमन जेभीसँग २०७६ साउन ३० मा चार वर्षमा काम सक्ने सम्झौता भए पनि कोरोनाका कारण काम प्रभावित भएको र म्याद थपिएको थियो।

त्यसैगरी आयोजनामा परामर्शदाताका रुपमा काम गरिरहेको इरानी कम्पनी महब घोड्स बाँकी पृष्ठ ४

# २१ किलो सुनसहित पक्राउ परेका चिनियाँ नागरिक र बरामद सामग्री सार्वजनिक



कांक्रेविहार संवाददाता
काठमाडौं, २३ असोज

काठमाडौंको बूढानीलकण्ठ नगरपालिका वडा नं. २, माथिल्लो भञ्ज्यालमा घर भाडामा लिएर सुनको अवैध ओसारपसार र कारोबार गर्ने तीन जना चिनियाँ नागरिकलाई प्रहरीले सार्वजनिक गरेको छ।

शुक्रवार पत्रकार सम्मेलन गर्दै प्रहरीले तीन जना चिनियाँ नागरिकलाई सार्वजनिक गरेको हो। पक्राउ पर्ने चिनियाँ नागरिकमा जियाङ्सु, ग्वाङडोङ स्थायी ठेगाना भई हाल बूढानीलकण्ठ बस्दै आएका २७ वर्षीय हान फेई, ४७ वर्षीय भोउ लोङकिन र ३७ वर्षीय वाङ जियानफेन रहेका छन्।

विशेष सूचनाका आधारमा सूक्ष्म निगरानी बढाउँदै उनीहरुलाई 'अपरेशन ब्राभो गोल्फ' कारवाही अन्तर्गत बिहीबार पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ। उनीहरूको साथबाट अवैध सुन, नगद, ओसार पसारमा प्रयोग गरिएको गाडी, सुन प्रशोधनमा प्रयोग हुने मेसिन तथा उपकरणहरू र विभिन्न कागजातहरू बरामद गरेको छ।

प्रहरीले कानुनी बमोजिमका प्रक्रिया पूरा गरी नियन्त्रणमा लिएका अभियुक्तहरूमाथि थप अनुसन्धान भइरहेको जनाएको छ।

# हिमपातले लिमीमा चौरीसहित दुई सय पशु बेपत्ता



कांक्रेविहार संवाददाता
हुम्ला, २३ असोज

नाम्खा गाउँपालिका-६ स्थित हिमालपारिको गाउँ लिमीका उच्च पाटनमा चरनका लागि लगिएका चौरी गाईसहित दुई सय पशु बेपत्ता भएका छन्। असोज १० र ११ गते परेको भारी हिमपातका कारण चरन क्षेत्रमा रहेका ती पशुवस्तुको अवस्था हालसम्म अज्ञात रहेको छ।

असोज महिनाको सुरुमै भारी हिमपात भएपछि उच्च पाटनमा पाल्नका लागि लगिएका चौरी गाईसहित दुई सय पशुको अवस्था अज्ञात बनेको वडा अध्यक्ष पाल्जोर तामाङले बताए। उनका अनुसार बेपत्ता पशुमा एक सय चौरी गाई, ५० घोडा र ५० जुमा तथा झोपा छन्।

लिङ खोला क्षेत्रको उच्च पाटनमा चरनका लागि लगिएका पशुवस्तु बाक्लो हिमपातमा परेका थिए। उक्त क्षेत्रमा बाक्लो हिउँ जमेकाले खोजीमा जानसमेत नसकिएको वडा अध्यक्ष तामाङले बताए। उनका अनुसार प्रतिकूल मौसम र हिउँका कारण पशुवस्तुको अवस्थाबारे जानकारी लिन सकिएको छैन। खोजीमा जान सक्ने अवस्था नरहेकाले बेपत्ता पशु जीवितै भेटिने आशा कम हुँदै गएको उनले बताए। पशुवस्तुको खोजीका लागि सहयोग गर्न उनले सम्बन्धित निकाय तथा सरोकारवालासँग आग्रह गरेका छन्। हिमपातमा बेपत्ता चौरी जीवित अवस्थामा फेला नपरे लिमीमा चौरीको संख्या उल्लेख्य रूपमा घट्ने स्थानीयको भनाइ छ।

# राष्ट्रपतिले जारी गरे विपत्सम्बन्धी अध्यादेश



कांक्रेविहार संवाददाता
काठमाडौं, २३ असोज

राष्ट्रपति रामचन्द्र पौडेलले विपत्सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ जारी गरेका छन्।

सरकारको सिफारिसमा राष्ट्रपति पौडेलले शुक्रबार उक्त अध्यादेश जारी गरेका हुन्।

भोटेकोसी बाढीलाई मध्यनजर गर्दै सरकारले विपत्सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने गरी अध्यादेश सिफारिस गरेको थियो।

हाल नेपालमा १२ वर्षसम्म बेपत्ता भएका व्यक्तिलाई मृतक घोषणा गर्न सकिने व्यवस्था छ।

यसलाई छोट्याएर विपत्को सन्दर्भमा ४५ दिनमै मृतक घोषणा गर्न सकिने विषय अध्यादेशमा छ।

# खरी जातका खसीको माग उच्च

कांक्रेविहार संवाददाता
सल्यान, २३ असोज



चाडपर्व नजिकिएसँगै काठमाडौँलगायत मुलुकका प्रमुख सहरमा सल्यानी खसीबोकाको माग बढेको छ। विशेष गरी सल्यानको पहाडी भूगोल र हावापानीमा हुर्किएका स्थानीय खरी जातका छोटा कान, लामो सिङ भएका डल्ले तथा भुन्टे खसीबोकाको मासु स्वादिलो र गुणस्तरीय हुने भएकाले सहरी क्षेत्रका उपभोक्ताको पहिलो रोजाइमा पर्ने गरेको छ। चाडपर्वमा मात्र नभई अघिपछि विवाह, व्रतबन्ध तथा विभिन्न भोजभतेर र पार्टीमा समेत सल्यानी खसीको माग उच्च रहने गरेको व्यवसायी बताउँछन्। काठमाडौं र पोखरा जस्ता सहरमा सबैभन्दा बढी सल्यानी र त्यसपछि दैलेखका खसीको माग रहने गरेको विगत ३३ वर्षदेखि खसीबोकाको कारोबार गर्दै आएका व्यवसायी नन्दराम खत्रीले बताए। पशु अस्पताल तथा पशुसेवा कार्यालय सल्यानको वार्षिक तथ्याङ्क अनुसार जिल्लाबाट हरेक वर्ष करोडौं रुपैयाँ बराबरको खसीबोका बाहिरी जिल्ला निकासी हुँदै आएको छ। चाडपर्वको समयमा सल्यानका गाउँघरमै पुगेर व्यापारीले खसीबोका खरिद गर्छन्। कपुरकोट गाउँपालिका-५ मा विजय एन्ड विश्व रिमाली बाख्रा फार्म सञ्चालन गर्दै आएका व्यवसायी खत्रीले आफू एक्लैले मात्र वार्षिक एक करोड २० लाख रुपैयाँसम्मको खसीबोकाको कारोबार गर्ने गरेको जानकारी दिए। उनका अनुसार हाल सल्यानमा आधिकारिक रुपमा खसीबोकाको ठुलो कारोबार गर्ने व्यवसायी २० देखि २५ जना छन्। व्यापारीले गाउँघरमा पुगेर किसानबाट जिउँदो खसीको तौलका आधारमा मूल्य तय गरी खरिद गर्ने गरेका छन्। हालको बजार मूल्य अनुसार ५० किलोभन्दा माथिका जिउँदा खसीको प्रतिकिलो ६५० रुपैयाँका दरले खरिदबिक्री हुने गरेको छ।

कथा

# एउटा सपनाको अन्त्य




बिहानैदेखि झरीले काठमाडौँ निथ्रुक्कै भिजेको थियो । वागमती, रुद्रमती, मनोहरा खोलामा आएको बाढीले नदी किनाराका वासिन्दाहरू त्रसित भइरहेका थिए ।

घरबाट बाहिर जान मनै लागेन । दिनभरि घरमा बस्न पनि कठिन । सामाजिक सञ्जाल हेरेर मन भारी बनाउनु भन्दा पुराना तस्वीरहरू हेरेर आफ्ना पुराना दिन सम्झने विचार गरें ।

तस्वीरहरू हेर्दै थिएँ । एउटा तस्वीरमा टक्क अडिएँ । तस्वीर थियो विष्णु दाइको । म विष्णुदाइसँगको विगतमा पुगें । जतिबेला देशमा हिंसात्मक आन्दोलन चलिरहेको थियो । कथा पुरानो हो तर राजनीतिसँग अलिकति पनि रूचि हुनेले अन्तर्य बुझ्न सक्छ ।

कथाकारको पृष्ठभूमि थाहा नहुनेलाई बताइदिउँ, म दोलाखाली तर बसाइ चाहीँ काठमाडौँ । विष्णुदाइ मेरा जिल्लावासी । यो पटक म गाउँमा पुग्दा मैले विष्णुदाइलाई उदास देखेको थिएँ । सधैं हँसिलो र फूर्तिलो देखिने उनलाई त्यसअघि यस्तो गम्भीर कहिल्यै देखेको थिइनँ । झुस्स दारी पालेका मलिनो अनुहार, हेर्दा उनी बिरामी जस्तो लाग्यो । सोधें–दाइ सन्चै छ ?

'सन्चै छ बाबु, कहिले आउनुभयो ?'

'भर्खरै आएको ।'

'बाबुसँग भेट्नुपर्ने काम थियो । मैले त काठमाडौंमै गएर भेट्ने विचार गरेको थिएँ, बाबु नै यहाँ आएपछि त मलाई साह्रै सजिलो भयो ।' उनले खुसी हुँदै भने ।

विष्णुदाइ मेरा नजिकका हितैषी हुन् । म गाउँमा छँदा उनैले मलाई घरदेखि पन्ध्र मिनेट टाढा चरिकोटको स्कुल लैजाने र ल्याउने गर्थे । मेरो बाल्यकालको धेरै समय विष्णुदाइसँगै खेलेर बितेको थियो । उमेरले मभन्दा निकै जेठो भए पनि साह्रै माया गर्थे । गाउँमा सबैका प्रिय थिए उनी ।

विष्णुदाइको परिवार सम्पन्न थिएन । गाउँमै खेतीपाती र मेलापातकै भरमा परिवार पालेका थिए उनले । आर्थिक रुपले निकै कठिन भए पनि पारिवारिक रुपमा सुखी थियो परिवार । श्रीमती र एकमात्र छोरा । साथमा सानो घर । दिनभरि काममा व्यस्त हुनु र साँझमा परिवारै बसेर सँगै खाना खानु उनको दिनचर्या थियो ।

'बाबुको बसाइ कति छ ?'

'एक दुई दिन बस्छु दाइ,' मैले भनें ।

'मेरो सम्पत्ति भनेकै मेरो परिवार हो ।' उनले भने–' त्यसैले मेरो सन्तानलाई ठूलो मान्छे भएको हेर्न मन छ । त्यही विषयमा सरसल्लाह गरौं भनेर ।'

'तपाईंको विचार कति राम्रो छ, मैले केही सहयोग गर्नु पर्यो भने भन्नुहोला ।' मैले भनें ।

'त्यही सल्लाह गर्न खोजेको बाबु, मलाई छोरा डाक्टर भएको हेर्न मन छ ।'

'के समस्या भयो र ? राम्रो पढ्छ भने डाक्टर बन्न के गाह्रो ?' मैले उत्साह थप्न यी कुरा थपेँ ।

'डाक्टर बन्न धेरै पैसा चाहिन्छ रे ।' उनले दुःख पोखे–'मसँग पैसा छैन । अहिले मलाई त्यही कुराको चिन्ता छ ।'

मैले उनलाई सम्झाउँदै भनें–'चिन्ता नगर्नुस् दाइ । चिन्ता गरेर पैसा जम्मा गर्न सकिने पनि होइन । भर्खरै छोरो आठ कक्षामा पढ्दैछ, पहिला एसएलसी त पास होस् अनि मिलिहाल्छ नि सबै कुरा । आवश्यक सहयोग म पनि गरौंला ।' मैले उनलाई अलिकति आश्वस्त बनाउने कोसिस गरें ।

उनी फुरुङ्ग भए । त्यसपछि म काठमाडौं फर्कें ।

समय गएको पत्तै भएन । अस्तिजस्तो लाग्छ गाउँबाट फर्केको । तर कति चाँडो समयले वेग मारिसकेछ ।

काठमाडौँ गाउँघर जस्तो नहुने । मनले नजिकै ठानेकाहरूलाई पनि सजिलै भेट गर्न नसकिने । घरिघरि काम बिना जिल्लातिर जान पनि नसकिने । यस्तै कुरा मनमा खेलाउँदै थिएँ ।

पत्रिका पल्टाएँ । सहरमा नगरपालिकाको चुनावको चर्चा चलेको थियो । हतियारधारी शक्तिले चुनावमा भाग नलिन सबैलाई चेतावनी दिएको थियो । संसदीय दलहरूले खोसिएको जनअधिकार फिर्ता नगरी गरिएको चुनावको सशक्त बहिष्कार गर्ने निर्णय गरेका थिए । यसले जनतामा चुनावप्रति पटक्कै उत्साह थिएन । पहिला चुनावमा उम्मेदवार बन्ने चर्चामा रहेकाहरूले पनि भटाभट उम्मेदवार नहुने घोषणा गरेका समाचारहरू पनि आइरहेका थिए ।

घरमै थिएँ ।

फोनको घन्टी बज्यो । गाउँबाट विष्णुदाइले फोन गर्नुभएको रहेछ । सन्चो-बिसन्चोको सामान्य भलाकुसारीपछि उहाँले भन्नुभयो–'म त मेयरमा उठ्ने भएँ, त्यसैले सल्लाह गरौं भनेर ।'

'खेतीपातीमा व्यस्त हुनुहुन्थ्यो । त्यसमाथि मेयरमै उठ्ने भन्दा त मैले कसरी पत्याउनु ? तपाईं, राजनीतिमा चासो राख्ने मान्छे नै होइन,' मैले भनें ।

'अब पत्याउनुस् । म राजनीतिमा चासो भएर चुनाव लड्न लागेको त होइन । तर, चुनाव भने लड्ने नै भएँ ।'

'अनि किन त ?'

'तपाईंलाई किन ढाँट्नु ? म चुनाव जित्ने मनसायले उम्मेदवार भएकै होइन ।'

म छक्क परें । मेयरमा उम्मेदवार हुने मान्छेको राजनीतिमा रुचि छैन, तैपनि उम्मेदवार बनेको कुरालाई मैले बुझ्न सकिरहेको थिइनँ ।

'थाहा छैन ? सरकारले उम्मेदवारको पचास लाखसम्मको बिमा गरिदिएको छ । उम्मेदवार भएका बेला मर्न पाइयो भने पैसा आउँछ, आफू मरे पनि छोराले त्यही पैसाले डाक्टर पढ्न सक्छ । त्यसैले मैले यस्तो योजना बनाएँ । तपाईंले नाइँ नभन्नू ।'

उभिएको मेरो शरीर थचक्क बस्यो । जीवन आहुति दिएर छोरो पढाउने कथा सुनेको थिएँ, अहिले सुन्दैछु ।

छोरो पढाउने खर्चका लागि चुनावमा उम्मेदवार बनेर मृत्युवरण गर्ने चाहनाले उनीप्रति अगाध श्रद्धा जाग्यो । माता, पिता र भगवान् एकै हुन् भन्ने धार्मिक मान्यतामा हुर्किएका हामीमाझ आफ्नो सन्तानको सुखका लागि आफ्नै जीवन बलिदान दिने अभिभावक भने कमै हुन्छन् ।

'दाइ, यस्तो गलत कुरा तपाईंको दिमागमा कसरी आयो ? यो पैसा जम्मा गर्ने कस्तो तरिका हो ? तपाईं नै नरहेपछि उसले कसरी पढ्न सक्छ ?' मैले एकै सासमा हप्काउने शैलीमा भनें ।

'त्यो कुराको चिन्ता नगर्नुहोला । मैले धेरै सोचें, योभन्दा राम्रो उपाय अहिलेसम्म पत्ता लगाउन सकिनँ, त्यसैले यो निर्णय गरें ।' उनले सुनाए ।

योभन्दा बढी टेलिफोनमा कुनै कुरा भएन । मैले आफूलाई विष्णुदाइसँग पराजित भएको महसुस गरें ।

कुनै महत्त्वपूर्ण काम गर्नुअघि मसँग सरसल्लाह लिने विष्णुदाइले यसपटक भने मसँग एकवचन सोध्नु भएन । निर्णय गरेपछि मात्र फोन गर्नु भएको थियो ।

विष्णुदाइ उम्मेदवार बनेको समाचार मिडियाहरूबाट थाहा पाएँ । सुरक्षाका लागि उहाँलाई सुरक्षाकर्मीकै क्याम्पमा राखिएको पनि समाचारमा उल्लेख थियो ।

एक तमासको नरमाइलो लाग्यो । सुरक्षा स्थिति नाजुक भएकोले कुनै पनि बेला चुनावमा उम्मेदवार बन्नेमाथि हतियारधारी समूहले हत्या गर्न सक्ने विश्लेषण राजनीतिक वृत्तमा चलेको थियो ।

म विष्णुदाइको सम्भावित हत्याको खबरबाट हुने भयानक पीडालाई कल्पना गर्न थालेँ । र, उहाँको रिक्ततामा हुने त्यस घरपरिवारको बिचल्लीलाई सोच्न थालेँ । रात निकै छिप्पिँदा समेत निदाउन सकिनँ । मनमा धेरै कुराहरू चलिरहे ।

भोलिपल्ट बिहानै चरिकोट जाने बस चढें । गाउँमा पुग्नासाथ विष्णुदाइलाई भेटें । उम्मेदवारी फिर्ता लिन अनुरोध गरें । तर उहाँ मान्नु भएन । जीवनभरी मेरो सरसल्लाह स्वीकार गर्ने उहाँले यसपटक भने मेरो कुरा सुन्नै चाहानु भएन । मेरो आग्रह अस्वीकार गर्नु भयो । मलाई नरमाइलो लाग्यो । गाउँमा बस्न मन लागेन । म भोलिपल्टै फर्कें ।

काठमाडौं आएको तीन दिनपछि नै उहाँको हत्या भएको खबर आयो । उहाँको हत्या भएलगत्तै उहाँकी पत्नी कमला भाउजू बेहोस हुनुभएको र अस्पताल लैजाँदै गर्दा उहाँ पनि बित्नुभएको खबर सुनें ।

मलाई सम्हालिन निकै कठिन भयो । यो कहाली लाग्दो समाचार सुन्नु नपरोस भन्दाभन्दै सुन्नु परिरहेको थियो ।

म स्तव्ध भएँ । केही सोच्न सकिन । यति सम्म कठिन अवस्थामा पुगें कि छोरा सागरलाई समवेदना दिन जान पनि सकिनँ ।

उहाँको काजक्रिया सकेको एक महिनापछि छोरा सागर काठमाडौं आएको थियो । बाबुआमाको मृत्युको शोकले ऊ निकै गलेको थियो ।

मैले सागरलाई सोधें–'सागर, बुवाले किन मेयरमा उम्मेदवारी दिनुभएको तिमीलाई थाहा छ ?'

'छैन ।'

'तिम्रो बुवा तिमीलाई डाक्टर बनाउन चाहनुहुन्थ्यो तर उहाँसँग पैसा थिएन । डाक्टर बन्नको लागि धेरै पैसा लाग्ने भएपछि उहाँले चुनावमा भाग लिनुभएको हो ।'

'कसरी ? चुनाव जितेर भ्रष्टाचार गर्न ?' उसले एक अबोध प्रश्न सोध्यो ।

'होइन, उहाँजस्तो असल मान्छे भ्रष्ट त बन्नै सक्नुहुन्नथ्यो । उहाँ चुनाव जित्न चाहनुहुन्थेन । उम्मेदवार बनेर मर्न चाहनुहुन्थ्यो । यसबाट आउने बिमाको रकमले तिमीलाई डाक्टर बनाउन चाहनुहुन्थ्यो ।'

सागर डाँको छाडेर रोयो । आफूलाई पढाउन बुबाले गरेको जीवन आहुति सम्झेर धेरै बेर रोइरह्यो । भन्यो–'बुवाले यस्तो निर्णय नगरेको भए बुबा आमासँगै बस्न पाउँथे । तर मेरो जीवन पुरै सकियो काका ।'

'बुबाको इच्छा तिमीले पूरा गर्नुपर्छ, तिमीले आफूमा साहस भर्नुपर्छ ।' मैले सान्त्वना दिएँ ।

सागरले बाबुको मृत्युपछि बीमावापत रुपैयाँ पायो । मैले उसकै नाममा खाता खोलेर बैंकमै राख्न लगाएँ । सागरलाई काठमाडौंकै विद्यालयमा पढ्न भनें।उसलेएसएलसीपासभएपछिमात्रैकाठमाडौंमापढ्ने भन्यो । केही दिन बसेर गाउँ फर्क्यो ।

उसले जिल्लास्तरीय टेस्ट परीक्षामा जिल्ला टप गर्यो । एसएलसी पनि उसले धेरै राम्रो नम्बर ल्याएर पास गर्ने शिक्षकहरूले सुनाएका थिए । उसलाई देखेपछि विष्णुदाइको याद आउँथ्यो । म उसको लगनशीलता देखेर निकै खुसी थिएँ ।

एसएलसी परीक्षाको छैटौं दिन सागरले जाँच दिइरहेको परीक्षा केन्द्रमा बम विस्फोट भएको सुनें । हतार-हतार गाउँमा फोन गरें । विस्फोटनमा सागरसहित तीन विद्यार्थीको मृत्यु भएको खबर आयो ।

म छाँगाबाट खसेजस्तै भएँ । सागरलाई डाक्टर बनाउन आफ्नो जीवन उत्सर्ग गर्ने विष्णुदाइको अभियान अधुरै रह्यो । विष्णुदाइले आफ्नो बलिदान दिएर जम्मा गरेको रुपैयाँको कुनै प्रयोग हुन सकेन । मलाई घरिघरि सागरले अन्तिम पटक फोनमा बोलेको आवाज कानमा गुञ्जिरह्यो–'काका, मेरो मेरो एसएलसी सकिना साथ म त्यहीं आउँछु है ...' ।

कविता

# बाढी



✍ झविन्द्र कुमार सुवेदी

नदी उर्लियो
घर मात्र बगाएन
हामीभित्र जकडिएर बसेको
'मेरो' भन्ने भ्रम पनि बगायो ।
माटोको घर थियो
माटोमै फर्कियो
हामीले जसलाई जीवन भन्यौँ
त्यो पनि
त क्षणभरको
एउटा बहाव रहेछ ।

किनारमा उभिएको मान्छे
नदीलाई हेर्दै सोचिरह्यो
"बग्ने पानी दोषी हो,
कि बाँधिन खोज्ने हाम्रो मोह ?"
बाढी घट्यो
तर एउटा
सत्य छोडेर गयो
जीवन नदी हो
र मृत्यु
समुद्र; बीचमा त
हामी केही क्षणका
उत्ताउलो छाल मात्र नरहेछौ ।

त्यही प्रश्नहरूको
बीचबाट मान्छे
फेरि उठ्नेछ
एउटा इँटा राख्नेछ
एउटा बिरूवा रोप्नेछ
एउटा सपना देख्नेछ ।

किनकि
जीवनको
सबैभन्दा सुन्दर कविता त फूल फुलेको
बगैँचामा होइन
बाढीले उजाडेको भूमिमा
फेरि उम्रिएका झारहरूमा लेखिन्छ ।

र सायद जीवनको रहस्य यही हो
बग्नुमा नै अस्तित्व छ
गुमाउनुमा नै प्राप्ति
र अन्त्यभित्रै लुकेको
हुन्छ अर्को आरम्भ
अर्को
शुरूवात ।

# चन्दननाथ-भैरवनाथ मन्दिरमा भित्र्याइए ५२ हातका लिङ्गा



❒ काँक्रेविहार संवाददाता
जुम्ला, २३ असोज

जुम्लाको प्रसिद्ध चन्दननाथ-भैरवनाथ मन्दिरमा दशैँका अवसरमा फेरिने ५२ हातका लिङ्गा तानेर भित्र्याइएको छ। स्थानीय परम्पराअनुसार हरेक वर्ष घटस्थापनाका दिन लिङ्गा ठड्याउने गरिन्छ। सोही परम्परालाई निरन्तरता दिँदै यस वर्ष पनि जङ्गलबाट लिङ्गा तानेर चन्दननाथ मन्दिरमा पुऱ्याइएको हो।

चन्दननाथ मन्दिर व्यवस्थापन समितिका पदाधिकारी, स्थानीय भक्तजन, नेपाली सेना, नेपाल प्रहरी तथा अन्य सरोकारवालाको सहभागितामा त्रयोदशीका दिन जङ्गलमा गएर लिङ्गा तान्ने परम्परा रहँदै आएको छ। सोहीअनुसार सयौँको संख्यामा भेला भएका भक्तजनले लिङ्गा तानेर मन्दिरमा पुऱ्याएका हुन्।हरेक वर्ष चन्दननाथ र भैरवनाथ मन्दिरमा फेरिने लिङ्गा चन्दननाथ नगरपालिका-३ स्थित रडिखल्ला जङ्गलमा तयार गरिन्छ। जङ्गलबाट लिङ्गा तानेर मन्दिरसम्म ल्याउने परम्परालाई स्थानीय संस्कृतिको वैभवका रूपमा लिने गरिएको छ। चन्दननाथ-भैरवनाथ मन्दिरका लागि ५२ हातका लिङ्गासँगै स्थानीय ढाणथपाला समुदायका तर्फबाट छुट्टै लिङ्गा ल्याउने प्रचलनअनुसार यस वर्ष पनि लिङ्गा ल्याइएको हो।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयवासीले बाजागाजासहित चन्दननाथ-भैरवनाथको जयजयकार गर्दै लिङ्गा तानेर जुम्ला सदरमुकामनजिकै रहेको चन्दननाथ मन्दिरमा पुऱ्याएका छन्। ५२ हातका लिङ्गा लामा र निकै भारी हुने भएकाले सयौँ भक्तजन तथा सुरक्षाकर्मीले डोरीको सहायताले तानेर मन्दिरसम्म ल्याएका हुन्।

चन्दननाथ-भैरवनाथ मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष अमरबहादुर थापाका अनुसार लामो समयदेखि चलिआएको परम्पराअनुसार केही दिनअघि नै लिङ्गा काट्न जङ्गल जाने गरिन्छ। त्रयोदशीका दिन भक्तजनको सहभागितामा लिङ्गा तानेर ल्याउने र घटस्थापनाका दिन ठड्याउने प्रचलन रहेको उनले बताए। उनले यो परम्परा खस संस्कृतिको महत्वपूर्ण पर्वका रूपमा रहेको पनि जानकारी दिए।

जुम्ला सदरमुकामबाट करिब तीनदेखि चार किलोमिटर टाढा रहेको रडिखल्ला जङ्गलबाट यस वर्ष पनि लिङ्गा तानेर ल्याइएको हो। अब मन्दिरमा आवश्यक काटछाँट गरेपछि घटस्थापनाका दिन लिङ्गा ठड्याइने गुठी संस्थानले जनाएको छ।

स्थानीय रमानन्द आचार्यका अनुसार कर्णाली क्षेत्रको प्रमुख धार्मिक शक्तिपीठका रूपमा रहेको चन्दननाथ मन्दिरमा विभिन्न समयमा धार्मिक मेला लाग्ने गरे पनि दशैँका अवसरमा घटस्थापनाका दिन विशेष पूजाआजा गरी लिङ्गा फेरिने र जमरा छर्ने परम्परा छ। चन्दननाथ मन्दिरको धार्मिक महत्वका कारण भक्तजन स्वतःस्फूर्त रूपमा लिङ्गा काट्न, तानेर ल्याउन र ठड्याउन सहभागी हुने गरेको उनले बताए। घटस्थापनाका दिन हजारौं मानिसको सहभागितामा लिङ्गा ठड्याउने गरिन्छ।

# सुदूरपश्चिम सरकारलाई बजेट ल्याउने बाटो खुला



❒ काँक्रेविहार संवाददाता
काठमाडौं, २३ असोज

सर्वोच्च अदालतले सुदूरपश्चिम प्रदेश सरकारविरुद्ध परेको रिटमा अन्तरिम आदेश जारी नगरेपछि प्रदेश सरकारलाई चालु आर्थिक वर्षको बजेट प्रदेशसभामा प्रस्तुत गर्ने बाटो खुलेको छ।

अधिवक्ता मनिराम उपाध्यायले असोज २० गते दायर गरेको रिटमाथि शुक्रबार सुनुवाइ गर्दै सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गर्न आवश्यक नदेखिएको निष्कर्ष निकालेको हो।

न्यायाधीशद्वय सपना प्रधान मल्ल र बालकृष्ण ढकालको संयुक्त इजलासमा भएको सुनुवाइपछि यस्तो आदेश आएको हो। अदालतको निर्णयसँगै बजेट प्रस्तुत गर्ने प्रक्रियामा देखिएको कानुनी अवरोध तत्कालका लागि हटेको छ।

सुदूरपश्चिम प्रदेश सरकारलाई विपक्षी बनाएर दायर गरिएको उक्त रिटमा दुवै पक्षका कानुन व्यवसायीले बहस गरेका थिए। रिट निवेदकका तर्फबाट पूर्वमहान्यायाधिवक्ता रमेश पँडाल, अधिवक्ताहरू हरिशरण काकी, गोविन्दप्रसाद शर्मा 'बन्दी', रमेश बडाल र दिनमणि पोखरेलले बहस गरेका थिए।

त्यस्तै, प्रदेश सरकारका तर्फबाट उपन्यायाधिवक्ता हरिप्रसाद भट्ट र सहायक न्यायाधिवक्ता भानु जोशीले अदालतमा आफ्नो पक्ष राखेका थिए।

सर्वोच्च अदालतबाट अन्तरिम आदेश जारी नभएपछि प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेट प्रदेशसभामा प्रस्तुत गर्ने आवश्यक प्रक्रिया अघि बढाउन सक्ने भएको छ।

# मन्त्रिपरिषद् बैठकका ४ निर्णय



❒ काँक्रेविहार संवाददाता
काठमाडौं, २३ असोज

सरकारले नेपाल न्याय सेवा, सरकारी वकिल समूहका सहन्यायाधिवक्ता अच्युतमणि न्यौपानेलाई राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा गर्ने निर्णय गरेको छ।

शुक्रवार बसेको मन्त्रिपरिषद्को बैठकले न्यौपानेको बढुवा गरी बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको सचिव पदमा पदस्थापन गर्ने निर्णय सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले बताए।

यी हुन् बैठकका ४ निर्णय

१. विश्व बैंकसँग नेपाल अर्थक्वेक क्याटास्ट्रोफ मण्ड सम्बन्धी म्याण्डेट एग्रिमेन्टमा हस्ताक्षर गर्न स्वीकृति दिने।

२. बिटौरी जग्गामा बसोबास गरी आएका व्यक्तिहरूको नाममा जग्गा दर्ता गर्ने सम्बन्धी समिति गठन आदेश २०८३ स्वीकृत गर्ने।

३. २०औँ एसियाली खेलकुदमा पदक प्राप्त गर्ने महिला कबड्डी र कराते खेलका खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकलाई नगद पुरस्कार प्रदान गर्ने।

४. नेपाल न्याय सेवा, सरकारी वकिल समूहका सहन्यायाधिवक्ता अच्युतमणि न्यौपानेलाई राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा गरी बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको सचिव पदमा पदस्थापन गर्ने।

# सरकारविरूद्ध आन्दोलनको तयारीमा नेकपा, दुईमहिने जागरण अभियान घोषणा

❒ काँक्रेविहार संवाददाता
काठमाडौं, २३ असोज

नेपाली कम्युनिस्ट पार्टी नेकपाले दुईमहिने राष्ट्रिय जागरण अभियान चलाउने भएको छ। शुक्रबार बसेको केन्द्रीय कार्यसंयोजन समितिको बैठकले कात्तिक ७ देखि मंसिर २५ गतेसम्म जागरण अभियान चलाउने निर्णय गरेको बैठकपछि प्रवक्ता प्रकाश ज्वालाले जानकारी दिए। उनका अनुसार सरकारका जनविरोधी कदमका विरुद्ध आन्दोलनको तयारी स्वरूप अभियान चलाइन थालिएको हो।

अभियानका क्रममा महाधिवेशनको तयारी तथा संगठन सुदृढीकरणका कामहरू पनि हुने ज्वालाले बताए। उनले स्थानीय र प्रदेशको निर्वाचनको तयारीका लागि पनि अभियान महत्वपूर्ण हुने बताए।

उनले ११ पुसमा देशभरका सबै वडाहरूमा एकैदिन पार्टीको वडाअधिवेशन गर्ने र १५ माघमा देशभरका सबै पालिकाको एकैदिन अधिवेशन गर्ने निर्णय भएको बताए। महाधिवेशन भने स्थानीय चुनावपछि गरिने ज्वालाले बताए।

# करोडौँ खर्चेर बनाइएका कोल्ड स्टोर अलपत्र



❒ काँक्रेविहार संवाददाता
धनगढी, २३ असोज

सुदूरपश्चिममा करोडौँ खर्चेर बनाइएका कोल्ड स्टोर अलपत्र परेका छन्। कतिपय कोल्ड स्टोर भने निर्माण हुन नसकेर अल्झिएका छन्।

प्रदेश सरकारको लगानीमा निर्माण भएका कोल्ड स्टोर सञ्चालनका लागि आवश्यक बजेटसमेत विनियोजन गरिएको थियो। कोल्ड स्टोर निर्माण भएका सम्बन्धित स्थानीय तह तथा उपभोक्ता समितिले सञ्चालनका लागि चासो नदिएका कारण विनियोजित रकमसमेत खर्च नभएको प्रदेश सरकारले जनाएको छ।

डोटीको शिखर नगरपालिका-३ की पुतली बोहराले व्यावसायिक तरकारी खेती गर्दै आएकी छन्। उनले उत्पादन गरेको कृषि उपज सुरक्षित राख्ने व्यवस्था भने उनको गाउँमा छैन।

'उत्पादन राम्रै भए पनि माग बढेको समयमा बेच्न पाए मूल्य पनि राम्रो हुन्थ्यो। त्यतिन्जेलसम्म जोगाएर राख्नै सकिँदैन,' उनले भनिन्।

कृषि उपजलाई खेर जानबाट बचाउने उद्देश्यले सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक वर्ष २०७७/०७८ मा प्रदेशका विभिन्न १३ स्थानमा शीतभण्डार तथा च्याम्बर निर्माण गर्ने योजना अघि सारेको थियो। योजना सुरु भएको लामो समयपछि केही कोल्डस्टोरको काम पूरा त भयो, तर अहिले चल्न सकेका छैनन्।

प्रदेश सरकार मातहतको कृषि विकास निर्देशनालय डोटीका अनुसार प्रदेश सरकारले पहिलो कार्यकालमा उपभोक्ताको लागत साझेदारीमा निर्माण गरेका चार वटा कोल्ड स्टोर र ६ वटा राइपनिङ सेन्टर सञ्चालनमा छन्। प्रदेश सरकारको पूर्ण लागतमा निर्माण गरिएका कोल्ड स्टोर सञ्चालनमा ल्याउन स्थानीय तहले कार्यविधि, बजेट र जनशक्तिको अभाव देखाउँदै आएका छन्। प्रदेशको कृषि विकास निर्देशनालयका अनुसार आर्थिक वर्ष २०८२/०८३ मा कैलालीको अत्तरियास्थित कृषि थोक बजारको कोल्ड स्टोर सुदृढीकरणका लागि नौ लाख, डडेल्धुरामा मर्मतका लागि चार लाख, बझाङमा तीन लाख र कैलालीमा २० लाख रुपैयाँ विनियोजन गरिएको थियो।

त्यस्तै, डडेल्धुरामा कोल्ड स्टोर तथा विद्युत् महसुल अनुदानका लागि १० लाख, किसानलाई भाडा अनुदानका लागि १८ लाख र दार्चुलामा भाडा अनुदानका लागि चार लाख रुपैयाँ छुट्याइएको थियो।

सम्बन्धित निकायले चासो नदिँदा ती कार्यक्रम कार्यान्वयन हुन नसकेको कृषि निर्देशनालयका निर्देशक टीकेन्द्र कुश्मीले जानकारी दिए। 'कतै मर्मत गर्नुपर्ने, कतै विद्युत् जडान गर्नुपर्ने भएकाले बजेट राखेका थियौँ। कार्यान्वयनका लागि पत्राचार गर्यौं।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# अब नगद पुरस्कार पाउने पालो बिल दिने विक्रेताको, अर्थमन्त्रीले दिए निर्देशन

काँक्रेविहार संवाददाता
काठमाडौं, २३ असोज



अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले करदाता प्रोत्साहन कार्यक्रमअन्तर्गत वस्तु तथा सेवाको बिक्री गर्ने विक्रेतालाई पनि नगद उपहार दिने व्यवस्था गर्न निर्देशन दिएका छन् ।

शुक्रबार अर्थ मन्त्रालयमा आयोजित राजस्व समीक्षा बैठकमा बोल्दै उहाँले आन्तरिक राजस्व विभागलाई यस्तो निर्देशन दिएका हुन् ।

बिल लिने र दिने संस्कार विकास गरी औपचारिक अर्थतन्त्र निर्माण गर्न भन्दै सरकारले यसै आर्थिक वर्षदेखि उपभोक्तालाई बिल लिएबापत नगद पुरस्कार दिँदै आएको छ । उक्त कार्यक्रमका कारण बिल लिने संस्कार विकास भएको र राजस्व संकलनमा प्रत्यक्ष फाइदा पुगेको देखिएपछि अर्थमन्त्री वाग्लेले शुक्रबार विभागलाई यस्तो निर्देशन दिएका हुन् ।

प्रोत्साहन कार्यक्रममार्फत बिल लिने संस्कार विकास भएसँगै व्यापारीहरू बिल जारी गर्न हिचकिचाएको भन्ने गुनासो आएको भन्दै उनले विक्रेताहरूलाई पनि प्रोत्साहन गर्न जरूरी रहेको बताए ।

'बिल लिनुपर्छ भन्ने त व्यापक देखियो । तर बिल जारी गर्नुपर्छ भन्नेलाई पनि प्रोत्साहनको नीति लिन जरूरी देखियो,' उनले मातहतका उच्च अधिकारीहरूलाई भने, 'कार्यविधि संशोधन गरेर प्रस्ताव लिएर आउनुहोस् । कति रकम कसरी दिन सकिन्छ, जसले उहाँहरूलाई पनि बिल जारी गर्न झन्झट नहोस् ।'

बिल लिनुपर्छ भन्दै गर्दा बिल दिनुपर्छ भन्ने संस्कारको विकास गर्न पनि जरूरी रहेको उनले बताए ।

साउन १ देखि सुरू भएको करदाता प्रोत्साहन पुरस्कार कार्यक्रमअन्तर्गत बिल नम्बरका आधारमा हरेक १५-१५ दिनमा दैनिक एक जनालाई १ लाख ३४ हजार र एक-एक जनालाई बम्पर उपहारमा १० लाख रूपैयाँ नगद दिइँदै आएको छ ।

यसमा आकस्मिक लाभकर कट्टी हुँदा विजेताले क्रमशः दैनिक एक-एक लाख र बम्परमा ७ लाख ५० हजार रूपैयाँ नगद प्राप्त गर्छन् ।

हालसम्म साउन १ देखि असोज १५ गतेसम्म पाक्षिक रूपमा पाँचवटा उपहार घोषणा भएर विजेतालाई नगद उपहार दिइसकिएको छ । यसमा ७४ जनाले जनही एक लाख रूपैयाँ र पाँच जनाले बम्पर उपहारमा ७ लाख ५० हजार रूपैयाँ जितिसकेका छन् ।

अब विभागले बेलैमा कार्यविधिमा व्यवस्था गरेको अवस्थामा असोजको दोस्रो पाक्षिक (असोज १६ देखि मसान्त) को पुरस्कार घोषणामा विक्रेताका लागि पनि पुरस्कार घोषणा हुनेछ ।

विक्रेताका लागि पुरस्कार प्रोत्साहन रकम कति हुने भन्ने यकिन भइसकेको छैन ।

प्रोत्साहन पुरस्कारमा सहभागी हुन उपभोक्ताले वस्तु खरिद गर्दा अनिवार्य रूपमा सक्कल प्यान वा भ्याट बिल लिनुपर्छ ।

अनलाइनबाट खरिदको रकम भुक्तानी गरेका उपभोक्ता स्वतः पुरस्कारका लागि योग्य हुन्छन् भने नगदमा कारोबार गरेर बिल लिएका उपभोक्ताले आन्तरिक राजश्व विभागको करदाता पुरस्कार पोर्टलमा दिइएको लिंक खोलेर बिल अपलोड गर्न सकिन्छ ।

## बाँध...

मुख्य बाँधका छवटा बेमध्ये दुईवटा सम्पन्न हुने चरणमा पुगेका छन् । सेटलिङ बेसिनको करिब ७० प्रतिशत काम सकिएको छ ।

पेनस्टक पाइपका लागि एंकर ब्लक, विद्युत्गृह र सर्ज साफ्ट निर्माणको काम जारी छ । दोस्रो प्याकेजमा भएको ढिलाइले त्यसपछिका हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल कामसमेत प्रभावित भएका छन् ।

सुरुङ निर्माण सम्पन्न भएपछि मात्रै बाँध निर्माणको काम अघि बढाइएको थियो । यसको एउटा कारण सुरुङ निर्माणमा प्रयोग भएको नयाँ प्रविधि र आयोजनाको भौगोलिक अवस्थाबारे रहेको अनिश्चितता थियो ।

### तेस्रो र चौथो प्याकेज पनि म्यादभन्दा पछाडि

हाइड्रोमेकानिकल संरचनाअन्तर्गतको तेस्रो प्याकेजको ठेक्का चीनको झेजियाङ ओरिएन्ट इन्जिनियरिङले २ अर्ब १३ करोड ७४ लाख ९३ हजार रुपैयाँमा लिएको छ ।

२०७८ मंसिर ७ मा सम्झौता भएको यो प्याकेज २०८१ पुस ४ सम्म सम्पन्न हुनुपर्ने थियो । तर अहिलेसम्म भौतिक प्रगति ६० प्रतिशत मात्र छ । गेट, स्टपलग र पेनस्टक पाइपको उत्पादन करिब ८५ प्रतिशत सकिएको छ । उत्पादन भएका उपकरण साइटमा ल्याएर जडान गर्ने काम सुरु भएको आयोजनाले जनाएको छ ।

चौथो प्याकेजमा इलेक्ट्रोमेकानिकल उपकरण जडानको काम छ । चीनको झेजियाङ ओरियन्ट इन्जिनियरिङले ३ अर्ब २८ करोड ८० लाख २२ हजार रुपैयाँमा यो कामको जिम्मा लिएको छ । २०७९ साउन १९ मा सम्झौता भएको यो प्याकेज २०८२ भदौ १४ सम्म सकिनुपर्ने थियो । तर भौतिक प्रगति ५५ प्रतिशत मात्र पुगेको छ । टर्बाइन, जेनेरेटर, ट्रान्सफर्मर र ओभरहेड क्रेन उत्पादनको काम सकिए पनि तिनको जडान बाँकी छ ।

पाँचौं प्याकेजअन्तर्गत भने आयोजनाबाट उत्पादन हुने विद्युत् कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण लाइनमा जोड्न करिब १ हजार ७ सय मिटर प्रसारण लाइन निर्माण गर्नुपर्नेछ । यसको अध्ययन प्रक्रिया अघि बढिरहेको आयोजनाले जनाएको छ । वातावरणीय प्रभाव मूल्यांकन अध्ययन पूरा भइसकेको र थप अध्ययन परामर्शदातामार्फत भइरहेको छ ।

## विभिन्न...

कन्सल्टिङ इन्जिनियरिङ (एमजीसीई) सँगको सम्झौता २०७९ माघमा रद्द भएको थियो । अमेरिकी प्रतिबन्धका कारण कम्पनी कालोसूचीमा परेपछि बैंकिङ कारोबारमा समस्या आएको र त्यसपछि सम्झौता रद्द गर्नुपरेको थियो ।

भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाबाट ४८ दशमलव ८ मेगावाट विद्युत् उत्पादन गर्ने र बाँके तथा बर्दियाको करिब ५१ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य छ ।

**अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतको अनुरोध**

कुनै सार्वजनिक निकायबाट सेवा लिने क्रममा तपाईंसँग कुनै कर्मचारी वा बिचौलियाले बहाना बनाई गैर कानूनी रूपमा घुस/रिसवत मागेको वा सार्वजनिक निकायहरूमा भ्रष्टाचारजन्य कसूर भएको सूचना/जानकारी भएमा निम्न माध्यमबाट सम्पर्क गर्नुहुन वा उजुरी दिनुहुन अनुरोध गर्दछौं ।

| कार्यालय प्रमुख | चौबिसै घण्टा उपलब्ध हुने मोवाइल नं. | सूचना अधिकारी |
|---|---|---|
| ९८५८०५२६६६ | ९८५८०५३४२२ | ९८५८०७३६६६ |

इमेल : ciaasurkhet@gmail.com / ciaa.surkhet@ciaa.gov.np

*भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेत र काँक्रेविहार राष्ट्रिय दैनिक बिचको समझदारीमा ।*










काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५२०१११/९८५१३४४७५४/९८६४८८०६००, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)